**श्री**

**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर वहादुर कार्की**

**<u>फैसला</u>**

**सम्वत् २०७५ सालको मुद्दा नं.- ०७४-RB-०१५३**

**निर्णय नं. ९९**

**<u>मुद्दा : भन्सार जाँचपास परीक्षण</u>**

| | |
|---|---|
| पर्सा जिल्ला, वीरगंज उपमहानगरपालिका हाल वीरगंज महानगरपालिका, वडा नं. १५ मुरली स्थित धिरज ट्रेडर्सको प्रोप्राइटर धिरज कुमार मल्लिकको तर्फबाट मुद्दा मामिला गर्ने अधिकार प्राप्त जिल्ला काठमाण्डौ, बुढानिलकण्ठ न.पा. १० बस्ने धनबहादुर खड्का................................................ १ | पुनरावेदक |
| **विरुद्ध** | |
| भन्सार जाँचपास परीक्षण कार्यालय, सुविधानगर, तिनकुने.........................१ | प्रत्यर्थी |

शूरु निर्णय गर्ने अधिकारीः श्री किशोर जोशी

शूरु निर्णय मितिः २०७४/११/३०

शुरु निर्णय गर्ने कार्यालयः भन्सार जाँचपास परीक्षण कार्यालय, तिनकुने

भन्सार जाँचपास परीक्षण कार्यालयबाट जाँचपास पछिको परिक्षण हुँदा मिति २०७४।११।३० को निर्णय अनुसार भनी मूल्य अभिवृद्धि कर एवं जरिवाना समेत दाखिला

गर्न भएको पत्राचार समेतमा चित्त नबुझाई भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम दर्ता हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

## तथ्य-खण्ड

१. भन्सार जाँचपास परीक्षण कार्यालयको कार्यक्षेत्र अन्तरर्गतका पैठारीकर्ता श्री धिरज ट्रेडर्सले वीरगंज भन्सार कार्यालयबाट मिति (सन) २०१६।६।१५ देखि २०१६।१२।२४ सम्ममा पैठारी गरेका विभिन्न प्रज्ञापनपत्रहरुबाट पैठरी गरेका मालबस्तुहरुको भन्सार जाँचपास पछिको परीक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसँग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनी पुनरावेदकलाई च.नं. ७८२ मिति २०७३।१२।२४ को पत्रमार्फत पत्राचार गरिएको रहेछ।

२. उक्त प्रज्ञापन पत्रहरुबाट पैठारी भएका मालबस्तुहरुको लागि भन्सार जाँचपास पछिको परीक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापनपत्र साथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको प्रतिवेदन समेतलाई आधार बनाई विचार गर्दा प्रस्तुत पैठारीकर्ता कारोबार खर्च घटी घोषणा गरेको, वर्गिकरण फरक पारी घटी महसूल दाखिला गरेको देखिएकोले भन्सार ऐन,२०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम थप महसूल निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिनभित्र पेश गर्न भन्सार ऐन, ०६४ को दफा ३४ को उपदफा(३ग) बमोजिम पैठारीकर्ता पुनरावेदकलाई मिति २०७४।११।९ को पत्र मिति २०७४।११।१० मा विस्तुत व्यहोरा खुलाई रजिष्ट्री (Ref: RD741653598NP) गरी लिखित सूचना जारी गरिएको ।

३. पैठारीकर्ताले उक्त पत्रको लिखित जवाफ पेश गरेको नपाइएको हुँदा मिति २०७४।११।९ मा जारी गरिएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप महसूल निर्धारण मनासिव नै भएको पाइयो । अतः प्रस्तुत पैठारीकर्ताले दाखिला गर्नुपर्ने भन्सार महसूल रु. १,९९,२५९।- तथा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा २ र ३ बमोजिम शतप्रतिशत जरिवाना रु.१,९९,२५९।- समेत जम्मा रु.३,९८,५१८।-, मूल्य अभिवृद्धि कर रु.१,९१,७०७।- तथा सोही ऐनको दफा ३४ को उपदफा २ र ३ बमोजिम शतप्रतिशत जरिवाना रु.१,९१,७०७।- समेत जम्मा रु.३,८३,४१४।- समेत कूल जम्मा रु.७,८१,९३२।- को भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम महसूल निर्धारण आदेश जारी भन्ने समेत व्यहोराको भन्सार जाँचपास परीक्षण कार्यालय, तीनकुनै, काठमाण्डौको मिति २०७४/११/३० गतेको निर्णय ।

४. निर्णय गर्दा कारोबार खर्च फरक निकालिएको मात्र हो वास्तविक रुपमा कुनै फरक छैन ।

म पुनरावेदकले प्रप.नं. १०७७४० बाट पैठारी गरेको **Zinc Stearate DLI-LM** पालामिटिक एसिड, स्टियारिक एसीड, तिनका लवण र इसटरहरु नभइ **Zinc Stearate DLI-LM** भएको र सोको दरबन्दी शिर्षक नं. २८१७०००० हुने भएकोले सोमा ५ प्रतिशतमात्र भन्सार महसुल लाग्ने स्पष्ट छ । सिमरन स्टोर्स र राजश्री स्टेशनरीले आयात गरेको पेपरको ब्राण्ड र **Quality** तथा मिति फरक रहेकोले तुलना गरेर मूल्य फरक रहेको निर्णय गर्नु न्यायोचित नभएको । अतः विपक्षीको कार्यालयबाट मिति २०७४।११।९ गतेमा प्रारम्भिक आदेश गर्दा लिएको आधार तथा मिति २०७४।११।३० गतेमा भएको निर्णय आदेश बदर गरी पाउँ भन्ने समेत व्यहोराको यस न्यायाधिकरणमा मिति २०७५/०२/०३ मा दर्ता हुन आएको पुनरावेदनपत्र ।

५. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०३/२०को आदेश ।

६. यसमा भन्सार ऐन, २०६४ को दफा ६२(२) अनुसार पुनरावेदकले लाग्ने महसूल र दण्ड जरिवानाको रकम सम्बन्धित कार्यालयमा बुझाई वा धरौटी राखी पुनरावेदन गर्नुपर्नेमा निर्धारण भएको मूल्य अभिवृद्धि कर रकम जम्मा रु.३,८३,४१४।— मध्ये रु.१,९१,७०७।— मात्र दाखिला गरी पुनरावेदन गरेको देखिँदा सात दिन भित्र नपुग रकम भन्सार जाँचपास परीक्षण कार्यालयमा दाखिला गरी प्रमाण पेश गर्न पुनरावेदकलाई जानकारी दिने। पुनरावेदकले यस अनुसार नगरेमा नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिरणको मिति २०७५।०८।२६ को आदेशानुसार पुनरावेदक वारेशलाई मिति २०७५।०९।०३ को तारिख तोकिएकोमा निजले तारिख गुजारी थाम्ने थमाउने म्याद समेत व्यतित गरी बसेको देखियो ।

## ठहर-खण्ड

७. नियम बमोजिम पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी प्रत्यर्थी भन्सार जाँचपास कार्यालय, तिनकुने, काठमाण्डौको तर्फबाट उपस्थित हुनु भएका विशेष सरकारी वकील कार्यालय, काठमाण्डौका विद्वान शाखा अधिकृत श्री अञ्चन भट्टराईले गर्नु भएको बहस सुनियो ।

८. यसमा पुनरावेदकले प्रत्यर्थी कार्यालयबाट भएको निर्णय आदेश बदर गरी पाउन पुनरावेदन दर्ता गराएतापनि पुनरावेदनपत्रको प्रकरण ८(ख) मा भन्सार महसुल तथा जरिवाना वापतको पुरै रकम तथा मूल्य अभिवृद्धि कर तर्फको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) बमोजिम आधा रु.१,९१,७०७।—जम्मा गरेको भनी उल्लेख गरेको सन्दर्भमा प्रस्तुत पुनरावेदन कानूनबमोजिम लाग्ने सम्पूर्ण शुल्क दाखिल गरी दर्ता हुन आएको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर बमोजिम निर्णय गर्नुपर्ने हो होईन ? भन्ने विषयमा निर्णय

दिनुपर्ने देखियो ।

९. पुनरावेदकले प्रत्यर्थी कार्यालयबाट मिति २०७४।११।९ गतेमा प्रारम्भिक आदेश गर्दा लिएको आधार तथा मिति २०७४।११।३० गतेमा भएको निर्णय आदेश बदर गरी पाउन पुनरावेदन दर्ता गराएतापनि पुनरावेदनपत्रको प्रकरण ८(ख) मा भन्सार महसुल तथा जरिवाना वापतको पुरै रकम तथा मूल्य अभिवृद्धि कर तर्फको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) बमोजिम आधा रु.१,९१,७०७।—जम्मा गरेको भौचर संलग्न छ भनी उल्लेख गरेको पाईन्छ । प्रस्तुत पुनरावेदनपत्र भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम दर्ता हुन आएको पाइन्छ । सो ऐनको दफा ६२ को उपदफा (२) मा सो दफाको उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले जुन निर्णय वा आदेशका विरुद्ध पुनरावेदन गर्ने हो त्यस्तो निर्णय वा आदेश बमोजिम लाग्ने महसुल र दण्ड जरिवानाको रकम सम्बन्धित भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालयमा बुझाई वा धरौटी राखी पुनरावेदन गर्न सक्नेछ । तर त्यस्तो महसुल र दण्ड जरिवानाको रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले पुनरावेदन दिन चाहेमा धरौटी नराखी पुनरावेदन दिन सक्नेछ भनी कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा यी पुनरावेदक थुनामा रही पुनरावेदन गरेको अवस्था नहुँदा निजले आफूलाई शूरु कार्यालयबाट लागेको भन्सार महसुल, मुल्य अभिवृद्धि कर र जरिवाना रकम सम्पूर्ण रुपमा बुझाई पुनरावेदन गर्न पर्नेमा भन्सार महसुल तथा जरिवाना वापतको पुरै रकम तथा मूल्य अभिवृद्धि कर तर्फको आधा रकम राखी पुनरावेदन गरेको देखिन्छ । यस न्यायाधिकरणको आदेशानुसार बाँकी रकम दाखिल गरी सोको प्रमाण दाखिल गर्न मौका दिईएकोमा निजले सो रकम दाखिल नगरी न्यायाधिकरणबाट तोकिपाएको तारेख गुजारी थाम्ने थमाउने म्याद गुजारी बसेको देखिन्छ । यसरी पुनरावेदकले कानूनबमोजिम दाखिल गर्नुपर्ने मूल्य अभिवृद्धि कर सम्पूर्ण रुपमा नबुझाई दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रबाट इन्साफ गर्नुपर्ने नभई सो पुनरावेदनपत्र कायम रहन सक्ने अवस्थाको देखिएन ।

१०. तसर्थ उपरोक्त उल्लिखित आधार र कारणबाट पुनरावेदक करदाताले भन्सार जाँचपास परीक्षण कार्यालयबाट मिति २०७४।११।३० मा भएको निर्णय अनुसार निर्धारित मूल्य अभिवृद्धि कर तर्फको रु.३,८३,४१४।— मध्ये रु.१,९१,७०७।— मात्र दाखिल गरी यस न्यायाधिकरण समक्ष पुनरावेदन गर्न आएकोले भन्सार ऐन, २०६४ को दफा ६२(२) बमोजिम निर्धारण भएको मूल्य अभिवृद्धि कर रकम समेत पुरै दाखिल गर्नुपर्नेमा पुरै नगरी केही मात्र दाखिला गरी पुनरावेदन परेको देखिँदा प्रस्तुत पुनरावेदनपत्र खारेज हुने ठहर्छ ।अरु तपसील बमोजिम गर्नु ।

## तपसील

प्रस्तुत मुद्दाको फैसला भएको सूचना बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनु..............................................................१

सरोकारवाला पक्ष नक्कल माग्न नियमानुसार नक्कल दिनु ............................२

प्रस्तुत फैसलाको विद्युतीय प्रति अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरी, शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनु.........................................३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

**<u>फैसला तयार गर्ने</u>**

टिपोट गर्नेः शा.अ. रबी न्यौपाने

टाइप गर्नेः क.अ.प्रदिप तिवारी

इति सम्वत् २०७५ साल चैत्र महिना ११ गते रोज २ शुभम् ..........................